दमक नगरपालिका,झापा

**स्थानीय राजपत्र**

**वर्ष**: ७ **प्रमाणीकरण मिति**: २०८०।०८।२४

**संख्या**: ३ **प्रकाशन मिति**: २०८०।०८।२९

## भाग -२

## दमक नगर शिक्षा, नियमावली, २०७७ लाई संशोधन गर्न बनेको नियम

**प्रस्तावनाः-** दमक नगर शिक्षा नियमावली २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, दमक नगर शिक्षा नियमावलीको नियम ११० को अधिकार प्रयोग गरी कार्यपालिकाले यो नियम बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः- (१) यस नियमको नाम दमक नगर शिक्षा नियमावली २०७७ (पहिलो संशोधन) नियमावली २०८० रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. दमक नगर शिक्षा नियमावली, २०७७ को परिच्छेद ३ को नियम १३ धरौटी सम्बन्धी व्यवस्थाको उपनियम १ मा संशोधनः मूल

नियमावलीको नियम १३ को उपनियम १ को सट्टामा देहायको उपनियम १ राखिएको छ।

क) माध्यमिक विद्यालयको लागि- २,००,०००/-

ख) निम्न माध्यमिक विद्यालयको लागि -१,५०,०००/-

ग) प्राथमिक विद्यालयको लागि - ५०,०००/-

३. दमक नगर शिक्षा नियमावली, २०७७ को परिच्छेद ३ को नियम १३ धरौटी सम्बन्धी व्यवस्थाको उपनियम २ मा संशोधनः मूल नियमावीलको नियम १३ को उपनियम २ को सट्टामा देहायको उपनियम २ राखिएको छ।

घ) धरौटी रकम जम्मा गर्ने विद्यालयको नाममा मुद्दती खाता खोलि विद्यालय व्यवस्थापन समितिले तोकेको व्यक्ति र शिक्षा  युवा तथा खेलकुद शाखाको १ जना कर्मचारीको संयुक्त दस्तखतबाट खाता संचालन हुने।

ङ) बैंकमा जम्मा गरेको रकमबाट प्राप्त ब्याजको रकम विद्यालयले खर्च गर्न पाउने।

**आज्ञाले**

**गणेशराज कार्की**

**प्रमुख प्रशासकीय अधिकृत**